दैनिक
# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २६९ | बुटवल | २०८१ असोज ०९, गते बुधवार | नेपाल संवत ११४४ | Wednesday Sept.25, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**चाडपर्वको समयमा खानपानमा ध्यान दिऔं ।**

-मासु तथा मासुजन्य पदार्थको आवश्यकता भन्दा बढी उपयोग नगरौं ।

-काटेको वा फकाएको मासु वा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं ।

-बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।

-मासु तथा मासुजन्य पदार्थसँग अन्य खानेकुराको सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड


## भ्रष्टाचार नियन्त्रण गर्न लुम्बिनीको सन्देश

# ‘नियत सफा राखौं, आचारण सुधारौं’

**लुम्बिनी संवाददाता**

*दाङ*



लुम्बिनी प्रदेश सरकारले तयार पारेको भ्रष्टाचार नियन्त्रण सम्बन्धि पाँच वर्षे रणनीतिक योजनाको मस्यौदामा ११ वटा विषयगत क्षेत्रलाई प्राथमिकितामा राखिधएको छ । जुन बिषय अहिले मस्यौदाको रुपमा सार्वजनिक छलफलमा छ। विषयगत क्षेत्रका आधारमा रणनीति र ९९ वटा क्रियाकलाप प्रस्ताव गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव मोहन अर्यालले बताए।

मुख्यमन्त्री चेतनारायण आचार्यले पहिलो निर्णयको रुपमा भ्रष्टाचार नियन्त्रण सम्वन्धि पाँच वर्षे रणनीतिक योजनालाई स्वीकृत गर्नु भएको थियो । रणनीतिक योजनालाई असोज महिनाभित्र मन्त्रिपरिषद् बैठकबाट निर्णय गरेर कार्यान्वयनमा लग्ने तयारी सरकारको छ। बुटवलबाट मस्यौदा माथि राय सुझाव संकलन सुरु गरेको सरकारले अब सुशासन कायम गर्ने, भ्रष्टाचार नियन्त्रणलाई प्रमुख मुद्दा बनाएको छ । मुख्यमन्त्री आचार्यसुरु देखिनै सुशासन कायम गर्ने योजनाबद्ध रुपमा अघि बढेका छन् । पूर्व बिशिष्ट व्यक्तिहरुलाई दिने सेवा सुविधा खारेज गर्ने देखि मुख्यमन्त्री, मन्त्रीहरुलाई आचारसंहिता लगाएका थिए । यति मात्र होइन कर्मचारी तहमा १४ बुँदे निर्देशन जारी गरेर सुशासन, जवाफदेहिता कायम गर्न ध्यान केन्द्रित गरेका छन् ।

**के छ पाँच वर्षे रणनीतिमा ?**

लुम्बिनी प्रदेश सरकारले प्रस्तावको रुपमा अघि बढाएको भ्रष्टाचार नियन्त्रण रणनीतिक योजनामा प्रदेशमा सुशासन कायम गर्न तथा भ्रष्टाचार नियन्त्रण गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उच्चस्तरीय अनुगमन संयन्त्र निर्माण गर्ने विषययाई उच्च प्राथमिकतामा राखिएको छ । यसका साथै भ्रष्टाचार नियन्त्रणका लागि नैतिकता तथा सदाचारिता प्रबर्द्धनलाई पनि जोड दिइएको छ।

व्यवसायिकता अभिवृद्धि, सार्वजनिक सेवा प्रवाह, वित्तीय अनुशासन, आयोजना कार्यान्वयन, कानुन तर्जुमा तथा कार्यान्वयन, पारदर्शिता, सामाजिक जवाफदेहीता तथा उत्तरदायित्व प्रवर्द्धन, सार्वजनिक खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, अनुगमन तथा मूल्यांकन, समन्वय, सहकार्य तथा साझेदारीलाई विषयगत क्षेत्रको रुपमा तोकिएको छ। यि बिषयगत क्षेत्रलाई आधार मानेर रणनीति र कार्यनीति प्रस्ताव गरिएको छ। सार्वजनिक प्रशासनका सबै क्षेत्रहरुमा नैतिकता प्रवर्द्धन गरी निष्पक्ष, पारदर्शी, जवाफदेही, मितव्ययी तथा जनउत्तरदायी रुपमा शासकीय क्रियाकलापहरु सञ्चालन गर्ने योजना बनाइएको छ।

कर्मचारी तथा जनप्रतिनिधिहरुको पेशागत सक्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिने, सार्वजनिक पदाधिकारीहरुको नेतृत्व क्षमता विकास गरिने, सार्वजनिक सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जवाफदेही तथा जनअपेक्षित वनाईने, सार्वजनिक गतिविधिहरुमा नागरिकको सहभागिता, सशक्तिकरण र स्वस्थ नियन्त्रण कायम गर्न कार्यक्रम सञ्चालन गरिने उल्लेख छ। शासकीय अभ्यासमा वित्तीय अनुशासन कायम गरिने, आयोजना छनौट तथा कार्यान्वयनलाई वस्तुनिष्ठ र वैज्ञानिक बनाइने, कानुन तर्जुमामा सरोकारवालाको भूमिका सुनिश्चित गर्दै कानुनको परिपालनास्तर अभिवृद्धि गरिने उल्लेख छ। सार्वजनिक सूचनाहरुमा आम नागरिकहरुको सहज र सरल पहुँच कायम गरिने, सार्वजनिक उत्तरदायित्वका संयन्त्रहरु मार्फत शासकीय गतिविधिहरुमा जवाफदेही र जनउत्तरदायी अभ्यासहरुलाई संस्थागत गरिने, सार्वजनिक खरिद कार्यलाई पारदर्शी र जवाफदेही बनाइनेछ, सार्वजनिक सम्पत्तिहरुको संरक्षण र उपयोगको नीति लिइने उल्लेख छ । आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन संयन्त्रको विकास र संस्थागत गरिने, शासकीय गतिविधिहरुमा सरोकारवालाहरु तथा नियमनकारी निकायहरुसँगको सहकार्य तथा साझेदारीलाई प्रवर्द्धन गरिने प्रस्ताव गरिएको छ।

**यस्ता छन् क्रियाकलाप**

विद्यार्थीहरुमा नैतिक मूल्य मान्यता तथा भ्रष्टाचार विरुद्धका विषयहरु वोध गराउन विभिन्न रचनात्मक क्रियाकलाप सञ्चालन गर्न समन्वय गरिने छ। माध्यमिक तहका विद्यार्थीहरुको लागि प्रोजेक्ट वर्कको रुपमा समावेश गर्न प्रोत्साहन गर्ने योजना छ। जनप्रतिनिधि तथा कर्मचारीहरुको तालिम तथा क्षमता विकासका कार्यक्रमहरुमा नैतिकता प्रवर्द्धन हुने गरी पाठ्यक्रम, तालिम सामग्रीहरुमा परिमार्जन गरी सोही अनुसार कार्यक्रम कार्यान्वयन गर्ने, सार्वजनिक सेवामा आध्यात्मिकता र पूर्वीय दर्शनको प्रभाव आन्तरिकिकरण गर्न लुम्विनी वौद्ध विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय तथा प्रदेशस्थित अन्य धार्मिक एवम् आध्यात्मिक संस्थाहरुसंग सहकार्य गरी कर्मचारी तथा जनप्रतिनिधिहरुमा योग ध्यान, सकारात्मक सोच विकासका व्यावहारिक अभ्यास सहितका कार्यक्रमहरु सञ्चालन गर्ने, सदाचार र नैतिकता प्रवद्धनका लागि सञ्चार माध्यमसंग सहकार्य गर्ने, खोज पत्रकारिता मार्फत अनियमितताहरु उजागर गर्ने, सचेतनामूलक सामाग्री तथा वृत्तचित्र प्रकाशन तथा प्रशारण गर्ने, समाजका ख्यातीप्राप्त व्यक्तित्वहरुसंग अन्तरसम्वाद गर्ने, खर्चिला र सामाजिक तडक भडक विरुद्धका गतिविधिहरु निरुत्साहित गर्ने लगायत कार्यक्रम सञ्चालनमा सञ्चार माध्यमहरुको उपयोग गर्ने योजना प्रस्ताव गरिएको छ।

प्रत्येक जिल्लावाट उच्च नैतिक चरित्र भएका १/१ जना कर्मचारीहरुलाई वार्षिक रुपमा पदक सहित सम्मान गर्ने, सार्वजनिक, राजनैतिक, नीजिक्षेत्र, गैसस तथा नागरिक समाजका पदाधिकारीहरुको भुमिका समेतलाई स्पष्ट गर्दै प्रदेश सदाचार नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, मन्त्रीपरिषद्का सदस्यहरुको आचारसंहिताको पूर्ण कार्यान्वयन गर्ने, मन्त्रालय, आयोग, विश्वविद्यालय, परिषद् तथा सचिवालयमा हुने राजनैतिक नियुक्तिलाई व्यवस्थित, पारदर्शी र क्षमतामा आधारित बनाउन कार्यविधि तर्जुमा गर्ने र सो को प्रभावकारी कार्यान्वयन गर्ने, कर्मचारी तथा जनप्रतिनिधिहरु (स्थानीय तह समेत) लाई शासकीय दक्षता अभिवृद्धिका लागि मागमा आधारित सेवाकालीन, आधारभूत एवम् पुनर्ताजगी तालिम तथा क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्ने, कर्मचारी तथा जनप्रतिनिधिहरुमा कार्यसम्पादन करार सम्झौता गर्ने र सोही अनुसार मूल्यांकन गर्ने पद्धतिलाई संस्थागत गर्ने बिषय समेटिएको छ।

मुख्यमन्त्रीले मन्त्रीहरुसंग, मन्त्रीहरुले सचिवसंग, सचिवले महाशाखा प्रमुख तथा कार्यालय प्रमुख संग र कार्यालय प्रमुखले मातहत कर्मचारीसंग कार्यसम्पादन करार सम्झौता गर्ने, कार्यसम्पादन सम्झौताको प्रगतिलाई दण्ड र पुरस्कारसंग आवद्ध गरी उत्प्रेणा स्तर वढाउन कार्यसम्पादन प्रोत्साहन कोष स्थापना तथा परिचालन सम्बन्धी मापदण्ड तयार गरी कार्यन्वयन गर्ने, लुम्विनी प्रदेशमा व्यवसायको दृष्टिले अनुकरणीय नीजिक्षेत्रका कम्पनीको नेतृत्व क्षमता एवं व्यवस्थापकीय कौशलताका वारेमा अध्ययन गरी सरकारीक्षेत्रमा समेत उपयुक्तताका आधारमा अनुसरण गर्ने, सरकारी कार्यालयमा सभ्य र शिष्ट भाषा, समुचित व्यवहार लगायतका शिष्टाचार अभियान सञ्चालन गर्ने, सेवा प्रवाहमा एकद्वार प्रणाली लागू गर्ने, अतिथि सत्कारमा मितव्ययिता अवलम्वन गर्ने उल्लेख छ।

वधाई तथा शुभकामना लगायतका कार्यक्रममा आयातित खादा, माला, फुल, लगायत अनुत्पादक सामाग्रीहरुको प्रयोग नगर्ने, स्थानीय उत्पादन लाई प्रबर्द्धन गर्ने गरी मात्र उपयोग गर्ने, सार्वजनिक निकायहरुमा पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण कार्यलाई अनिवार्य गर्ने, हरेक निकायमा उजुरी तथा गुनासो व्यवस्थापनको लागि प्रभावकारी संयन्त्र विकास गर्ने, वेवसाईट तथा सामाजिक सञ्जालको माध्यमबाट समेत गुनासो गर्न सकिने व्यवस्था मिलाउने । गुनासोको समयमा नै सम्बोधन गर्ने तथा सोको अभिलेख राख्ने व्यवस्था गर्ने, मन्त्रालयले मातहत निकायहरुको गुनासो सुनुवाईको अवस्थाका वारेमा नियमित प्रतिवेदन लिई समिक्षा गर्ने बिषय समेटिएको छ।

**सुशासन आफैबाट सुरु गरौंः मुख्यमन्त्री**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सुशासन कायम गर्न र भ्रष्ट्राचार नियन्त्रण गर्न नेतृत्व तहबाटै सुरु गरिएको बताउनु भएको छ । भ्रष्ट्राचार नियन्त्रण सम्वन्धि पाँच बर्षे रणनीतिक कार्ययोजनाको मस्यौदा माथिको छलफल कार्यक्रमलाई सम्वोधन गर्दै मुख्यमन्त्री आचार्यले सुशासन कायम गर्न र भ्रष्ट्राचार नियन्त्रण गर्न राजनीतिक नेतृत्वमा ईमानदारीता आवश्यक पर्ने बताउनु भएको हो।‘रानीतिक नेतृत्व सच्चिन र सुध्रिन जरुरी छ। नियत बेठिक छैन भने व्यूरोक्रायटले पनि साथ दिन्छ। मैले साथ पाईरहेको छु। जुन कार्ययोजना अघि बढाएको छु, त्यसमा मैले पूर्ण साथ सहयोग पाएको छु। उत्साह बढिरहेको छ’उहाँले भन्नुभयो,‘राजनीतिक नेतृत्वमा समस्याहरु छन । सबै कुरा सच्च्याएर सुधारेर लैजान सकिन्छ । त्यो आँट छ। त्यो आँटका साथ प्रदेश सरकार अघि बढीरहेको छ।’ आफु नेतृत्वको वर्तमान सरकारले सुशासन कायम गर्न र भ्रष्ट्राचार नियन्त्रण गर्न केही गरेर देखाउन खोजेको बताउनु भयो।‘हामी केही गरेर देखाउन सक्छौं। बनाउने जिम्मेवारी तपाई हामीको हो । जिम्मेवारी बोकेर आएपछी पुरा गर्नुपर्छ’उहाँले भन्नुभयो,‘यो मुलुक बनाउन बाहिरबाट कोही आउदैन, जो हामी जिम्मेवारीमा छौं, उसैले नेतृत्व गरेर राम्रो काम गर्न तर्फ भूमिका बढाउनुपर्छ।’ नागरिक तहमा बढ्दै गएको निरासालाई आशामा बदल्नेगरी प्रदेश सरकारले सुधारका कामहरु अघि बढाएको बताउनु भयो।

» *बाँकी २ पेजमा*

# बैशाखीकै भरमा प्रतिस्पर्धी मिया



**मोहम्मद हबिब**

*भैरहवा।*

भैरहवामा जिल्ला स्तरीय स्नुकर खेल प्रतियोगिता भइरहेको छ । रुपन्देही सहित ३ जिल्लाका १२८ खेलाडी उपाधिका लागि प्रतिस्पर्धामा भिडिरहदा वुटवलका एक फरक क्षमताका खेलाडी पनि वैशाखी सहित प्रतिस्पर्धामा छन। ३५ वर्षिय जमिर मिया विगत एक दशक देखि एक हातमा वैशाखी र एक हातमा स्नुकरको डण्डी बोकेर प्रतिस्पर्धामा उत्रिने गर्छन।

साथीभाईहरुले खेलेको देख्दा स्नुकर प्रति आकर्शित भएको उन्को रुचि नै बन्यो। आफुले सक्छु भन्ने लागेपटि उनी १२ वर्ष पछि गरेर देखाउछु भन्ने अठोट लिई खेल्न सुरुवात गरेका थिए । उनी भन्छन सुरुदेखि नै रुचि भएकोले चेस र स्नुकरमा मेरो लगाव थियो। दुवै गेम इन्डोर भएकोले अहिले सम्म खेल्दै आएको छु शरीरिक रुपमा पनि धैरै बल नपर्ने भएकोले अहिले प्राय नियमित रुपमा नै स्नुकर खेल्दै आएको छु परिवारबाट पनि पूर्ण सहयोग हुने गरेको छ।

उनी भन्छन पहिला पहिला स्नुकर खेलप्रति हेर्ने दृष्टीकोण फरक थियो, नकारात्मक रुपमा लिने गर्थे। तर अहिले समाजमा विस्तारै यस्को हेर्ने दृष्टिकोण फरक हुदै गई अहिले अरु खेल जस्तै लिने गरेकोले यस्मामा पनि सम्भावना देखिएको बताए।

हाल सम्म जिल्लाका विभिन्न प्रतियोगितामा भाग लिए, तर जिल्ला बाहिर प्रतियोगीको रुपमा गएको छैन। रुपन्देहीमा भएको जिल्ला स्तरीय प्रतियोगितामा ५ पटक सहभागी भएको उनी सुनाउछन। मिया भन्छन इच्छा भएर नै यहाँ सम्म पुगेको छु।

खेल्न लाएको त एक दशक भयो तर विचमा आर्थिक अवस्थाले गर्दा केही समय विश्राम लिएको थिए, अहिले केही वर्ष देखि फेरी खेल्न सुरु गरेको छु। जन्मजात पोलियोले कम्मर भन्दा तलको भाग एकतर्फको शिथिल छ र बैशाखीकै शहारा अघि बढ्दै छु एकातर्फको खुट्टा भने ठिक रहेको छ।

फरक क्षमताको खेलाडी भएकोले पनि उनलाई प्रतियोगिताहरुमा सम्मानका साथ सहभागी गराइन्छ । परिवारबाट पूर्ण सहयोग पाएका उनलाई आयोजकहरुले पनि सम्मान दिएर प्रतियोगीका रुपमा भिडाउछन।

रुपन्देही पुल तथा स्नुकर संघको आयोजनामा अहिले भैरहवामा जारी आठौं रुपन्देही जिल्ला स्तरिय स्नुकर प्रतियोगितामा उनी सहभागी भई दुई खेल खेलेका छन। पहिलो खेलमा जित निकाल्दै उनले दोस्रो चरणको खेलमा पराजित भएपनि निराश छैनन। खेल हो हारजित हुन्छ तर कुनै न कुनै दिन उपाधि नै जित्छु भन्ने आट मियामा रहेको छ।

रुपन्देही पुल तथा स्नुकर संघका सल्लाहकार तथा खेल संयोजक विजय थापाले जमिर नेपालकै स्नुकर खेलाडी मध्ये फरक खेलाडीको रुपमा पाएको बताए, फरक क्षमताका खेलाडी वैशाखीकै भरमा उनी अन्य प्रतिस्पर्धी जस्तै भएर घण्टौ प्रतिस्पर्धामा उत्रिन्छन । हामीले उनलाई प्रवेश शुल्क मिनाहा गरि सहभागिता गराएका छौ, नेपालकै नमूना खेलाडीको रुपमा उनको परिचय रहेको खेल संयोजक थापाले भने।

खेलको विकास, प्रचार प्रसार र खेलाडीको हकहीतका लागि २०६८ सालमा संघको स्थापना भएको हो।

» *बाँकी २ पेजमा*

# ४९ करोड भुक्तानी नपाएपछि निर्माण व्यवसायीको आक्रोश



बुटवल। भुक्तानी गर्नुपर्ने ४९ करोड रुपैया लुम्बिनी विकास कोषले नदिएपछि व्यवसायीको आक्रोश बढेको छ। व्यवसायीको आक्रोश बढ्दा लुम्बिनी विकास कोषका पदाधिकारीमाथि हातपात सम्म भएको छ।

झण्डै एक वर्षदेखि लुम्बिनी विकास कोषले निर्माण काम गरेबापत खानी, अर्घाखाँची बाबुल जेभीलाई १२ करोड रूपैयाँ, लुम्बिनी अनक खडगकृष्ण जेभीलाई १८ करोड रूपैयाँ, लामा एपेक्स कमलजेभीलाई १६ करोड रूपैयाँ र रमन गजुरमुखी रामजानकी जेभीलाई १२ करोड रूपैयाँ गरी ४९ करोड रुपैया भुक्तानी गर्न बाँकी छ। निर्माण व्यवसायीले काम गरेबापत भुक्तानी नपाउँदा मजदुरले पैसा पाउन नसकेको निर्माण व्यवसायी सफिक अहमदले बताए।

अहमदका अनुसार, अर्थमन्त्रालयले भुक्तानी गर्नुपर्ने पैसा निकासा गरिसकेको छ। कोष तथा लेखा नियन्त्रक कार्यालयले लुम्बिनी विकास कोषलाई दिइसकेको छ । लुम्बिनी विकास कोषले भुक्तानी गर्नुपर्ने विषयलाई बेवास्ता गर्दै अघि बढ्दा समस्या भएको हो । ‘उपाध्यक्ष लामो समय बाहिर हुनुभयो, लुम्बिनी आएपछि पनि भुक्तानी गर्न चासो पटक्कै छैन्, बैठक बस्ने बारे पदाधिकारीबीच चासो छैन्,त्यही भएर आक्रोशमा सामान्यहातहालाहाल भएको हो,–उनले भने।

राष्ट्रिय सभाको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको मंगलबार लुम्बिनीस्थित एक होटलमा कार्याक्रम भइरहेको बेला मजदुरहरुले आक्रोश पोखेको उनले बताए । ‘दसैं आयो, मजदुरले पैसा मागेका छन्, हामीले कहाँबाट दिने ? हामीले मजदुरलाई पैसा लिनुपर्ने ठाउँमा पठाउनु बाहेक विकल्प रहेन्–उनले भने।




# सम्पादकीय

## योजनामा आधारित शहर बनाउने सपना

राप्ती उपत्यकामा सुन्दर शहर बनाउन लुम्बिनी प्रदेश सरकारले पहलकदमी लिएको छ । राप्ती उपत्यकामा सुन्दर शहर  बनाउने सपनालाई सबै दलको साथमा प्रदेश राजधानी बनाएका पूर्व मुख्यमन्त्री शंकर पोखरेललाई समेतसँगै राखेर मुख्यमन्त्री चेतनारायण आचार्यले सोमबार छलफल गरेका छन् । स्थानीय अगुवा, स्थानीय र प्रदेशका जनप्रतिनिधि समेत सहभागी छलफलमा मुख्यमन्त्रीले प्रष्टसँग सुन्दर राजधानी शहर बनाउने हो भने स्थानीय बासिन्दा, राजनैतिक दल र जनप्रतिनिधिको साथ चाहिन्छ ।

नेपालमा पछिल्ला वर्ष धेरै ड्रिम प्रोजेक्टहरु दलीय स्वार्थको दलदलमा पर्दा तुहिएका छन् । दलीय स्वार्थमा विकास आयोजना तुहाएर फाइदा कसैलाई हुने होइन् तर यो कुरुप पक्षलाई हेक्का राखिएको छैन । कतै राप्ती उपत्यकामा योजनामा आधारित सुन्दर शहर बसाल्ने योजना तुहिने त होइन् भन्ने जोखिम छ । स्वार्थको जालो फाल्न सक्दा भावी पुस्ताका लागि सुन्दर शहर बन्नसक्छ, तर स्वार्थको जालो बलियो बन्दै गयो भने कुरुप राजधानी शहर हुनेछ । कुरुप राजधानी शहर बन्नबाट रोक्नका लागि प्रदेश सरकारले लिएको पहलकदमी उचित छ । प्रदेश राजधानी स्थापना हुँदा २०७७ असोज २० मा रोकिएको जग्गाको खरिदबिक्री र कित्ताकाट खुलेको छैन । कित्ताकाट खुलाउन भएको चलखेललाई सरकारले अहिलेसम्म थेगेको छ । यदि कित्ताकाट खुल्यो कुनै कारणवश भने योजनामा आधारित शहर बनाउने बाटो बन्द हुनेछ । सरकारले शहरीकरण विकासको मोडल कार्यान्वयन नहुँदासम्म कित्ताकाट खोल्ने गल्ती गर्न हुन्न ।

प्रदेश सरकारले एक खर्बको लागतमा २० वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित काम अघि बढाउने बताएको छ । यद्यपी अहिलेको लागत अनुमान बढ्दै जानसक्छ । आन्तरिक स्रोत कमजोर रहेको बेला बाह्य सहयोग लिनपर्ने हुनसक्छ । त्यसका लागि ऋण लिन पनि सरकार खुला छ । योजनामा आधारित शहरले नागरिकको जीवनस्तर उकास्छ । गाउँको उत्पादन शहरले खपत गर्छ । र, अन्यत्र पनि यस्तै योजनामा आधारित शहर बनाउने बाटो खुल्छ । राप्ती उपत्यका एउटा मोडल हुनसक्छ ।

अब स्थानीय तहमा आउने विवाद व्यवस्थापनको जिम्मा स्थानीय सरकारले लिनुपर्छ । त्यसमा सबै राजनैतिक दल विवाद व्यवस्थापनमा सहभागी हुनुपर्छ । राप्ती उपत्यकामा योजनामा आधारित शहर बनाउने अवसरलाई गुम्न दिनुहुन्न ।

# सहकारीको सुन्दरता बचाउन आवश्यक

डा. प्रकाशकुमार श्रेष्ठ

**लेखसार**

नेपालको संविधानले सहकारीलाई अर्थतन्त्रको तेस्रो खम्बाका रूपमा चित्रण गरेको छ । समुदायमा हुने स-सानो वित्तीय कारोबारलाई एकीकृत गरी सर्वसाधारणको जीवनस्तर माथि उकास्ने नीतिअनुरूप अगाडि सारिएको तर, सहकारी क्षेत्र, खासगरी बचत तथा ऋण सहकारीले पछिल्लो समय केही समस्याहरूको सामना गरिरहेको छ । सहकारी ऐनले यस क्षेत्रमा स्वनियमनको परिकल्पना गरेको छ । नेपालको संविधानले सहकारीलाई समाजवाद उन्मुख अर्थतन्त्रका रूपमा परिभाषित गरेको छ । त्यो लक्ष्य पूरा गर्न सहकारी क्षेत्र प्रभावकारी माध्यम पनि बन्न सक्छ । सहकारीहरू समुदायमा आधारित हुने भएकोले समाजको उत्थान र आर्थिक विकासका लागि प्रभावकारी मोडल बन्न सक्छ । सदस्यहरूको आर्थिक हितको लागि काम गर्नुपर्ने संस्था सहकारी हो । अन्य बैंक तथा वित्तीय संस्थाको तुलनामा सहकारीहरु प्रजातन्त्रिक हुन्छन् । तर पछिल्लो समय वित्तीय सहकारीमा देखिएका विचलनले यसको सुन्दरता जोगाउने जोखिम सिर्जना भएको छ ।

शब्दकुञ्जी : सहकारी क्षेत्र, सहकारी समस्या, समुदाय, नियमन, जोखिम व्यवस्थापन ।

**विषय प्रवेश**

सहकारी क्षेत्र सामाजिक र आर्थिक विकासको महत्वपूर्ण साधन हो । सहकारी क्षेत्रले विशेषगरी कमजोर आर्थिक वर्गको जीवनस्तर उकास्न, सामूहिक प्रयासलाई बलियो बनाउँदै, आत्मनिर्भरता र आर्थिक समृद्धिको मार्ग देखाउने काम गर्छ । पछिल्लो समय अर्थतन्त्रमा देखिएको केही सुस्सताका कारण सहकारी क्षेत्र पनि त्यसको प्रत्यक्ष मारमा पऱ्यो । विभिन्न चुनौती र जोखिमहरू यस क्षेत्रले सामना गर्नुपऱ्यो । सहकारी सञ्चालनमा देखिएको अपारदर्शिता, आर्थिक अनियमितता, वित्तीय व्यवस्थापनको कमी र सहकारीका सदस्यहरूको सक्रिय सहभागिताको अभावका कारण सहकारी क्षेत्रले केही विचलनहरु देखा परेको छ । पछिल्लो समय सहकारीको अस्तित्व र यसको प्रभावकारितामाथि पनि प्रश्न उठिरहेको छ ।

यी विविध समस्याहरूबाट बाहिर निस्कनुपर्ने आजको आवश्यकता हो । जुन सामुहिक प्रयास, समन्वय र सहकार्यले मात्रै सम्भव छ । सहकारीलाई यसको मूल्य, मान्यता र सिद्धान्तमा परिचालित गराई पुनरुत्थान गर्नुपर्ने आजको आवश्यकता हो । वित्तीय सहकारीलाई वित्तीय रूपमा पारदर्शी, संरचनात्मक रूपमा सुधार, व्यवस्थापकीय क्षमता अभिवृद्धि तथा प्रभावकारी नियमन गरेर यो क्षेत्रलाई अगाडि बढाउनुपर्ने जरूरी छ ।

**सहकारीको वर्तमान समस्या**

अहिले सहकारी क्षेत्रमा केही समस्या देखा परेका छन् । यो समस्या आउन सक्ने सम्भावना पहिलेदेखि नै थियो । वित्तीय कारोबार जोखिमयुक्त नै हुन्छ । त्यो जोखिम आउन नदिनका लागि प्रभावकारी नियमन तथा सुपरिवेक्षण चाहिन्छ । जुन सहकारी क्षेत्रमा हुन सकेको थिएन । सहकारीमा कसले सुपरिवेक्षण गर्ने भन्ने अन्योलता पनि थियो । सहकारी सिद्धान्त अनुरुप स्वः नियमनमा पनि बसेनन् । कतिपय सहकारी सञ्चालकहरूले ठूलो संख्यामा शाखा विस्तार गरेर बचत संकलन गरे । वित्तीय साधनको प्रयोग सही ठाउँमा भएन । परिणामस्वरुप सहकारीमा तरलताको समस्या देखा पऱ्यो । निक्षेपकर्ताले निक्षेप फिर्ता पाउन नसक्ने अवस्था आयो । सहकारी कारोबार सानोस्तर तथा समूहबिच हुनुपर्ने मान्यता भएपनि केही व्यक्ति तथा समूहले गलत नियतका साथ ठूलो स्तरमा सहकारी सञ्चालन गरे तर सही ढंगले व्यवस्थापन गर्न सकेनन् । ती संस्थाहरू स्वनियमनमा बस्न सकेनन् । वित्तीय कारोवार आउन सक्ने जोखिमको पहिचान र तिनीहरुको व्यवस्थापन गर्न असफल भए । ठूलो स्केलमा वित्तीय कारोबार गरेर सदस्य बढाउने उद्देश्यमा लागेर आफ्नो स्वार्थअनुसार सहकारीलाई परिचालन गरियो ।

यहीबिचमा अर्थतन्त्रमा पनि सुस्तता सिर्जना भयो । घरजग्गा क्षेत्र त्यसको मारमा पऱ्यो । बैंक तथा वित्तीय संस्थाको ब्याजदर बढ्दै गयो । घरजग्गामा लगानी गरेका सहकारीहरूले निक्षेप फिर्ता गर्न सकेनन् । सोही कारण वित्तीय अनुशासनमा नबसेका र केही महत्वकांक्षी भएर सञ्चालन भएका सहकारीहरु समस्यामा परे । अहिलेको मुख्य समस्या भनेको कर्जा असूली हुन नसक्नु र तरलता अभाव हो । अहिले अधिकांश वित्तीय सहकारी संस्थामा तरलताको समस्या छ । निक्षेप संकलन गरेर गलत ठाउँमा लगानी गरेका तर भनेको समय कर्जा असुली नहुँदा तरलताको अभाव भएको र बचतकर्ताहरुलाई बचत फिर्ता गर्न नसकेको अवस्था हो ।

बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव हुँदा नियामक नेपाल राष्ट्र बैंकले पैसा दिने व्यवस्था भएजस्तै सहकारीमा पनि त्यो व्यवस्था भएको भए अहिलेको जस्तो समस्या नआउन सक्थ्यो । तर, त्यो व्यवस्था सहकारीको लागि छैन । अधिकांश सहकारीहरु तरलताको व्यवस्थापन गर्न नसकेरै समस्यामा परेका छन् ।

सहकारीहरूका सदस्यहरुले पनि आफ्नो वित्तीय व्यवस्थापन सही ढंगले गर्नुपर्थ्यो । लामो समय वित्तीय क्षेत्रमा काम गरेको, अनुभव भएको तथा वित्तीय जानकारी भएको व्यक्तिले पनि सहकारीमा ठूलो रकम जम्मा गरेको देखिन्छ । उहाँहरूले सहकारीको प्रवृत्ति बुझ्नुपर्थ्यो । प्रभावकारी नियमन र सुपरीवेक्षण नभएका र स्वनियमनमा सञ्चालित सहकारीमा त्यति ठूलो रकम जम्मा गर्दा जोखिम हुन सक्ने कुरा बुझ्नु पर्दथ्यो । वित्तीय जोखिम व्यवस्थापन गर्ने व्यक्ति पनि होसियार हुनुपर्छ । अधिकांश समस्या सहरी क्षेत्रका सहकारी संस्थामा देखिएको छ । शहरी क्षेत्रमा त बैंक तथा वित्तीय संस्थाहरू पनि जतातत्तै छन् । बैंक तथा वित्तीय संस्थाको शाखाहरु पाइँलापिच्छे छन् । ती नियमन र सुपरीवेक्षणमा रहेका बैंक तथा वित्तीय संस्था छन् भन्ने जान्दाजान्दै सहकारीमा ठूलो पैसा जम्मा गर्नु आफैँमा पनि गल्ति हो । विकल्प हुँदा हुँदै, जोखिम भएको थाहा पाउँदा पाउँदै पनि ठूलो रकम जम्मा गर्नु सही काम थिएन । आफूसँग भएको सबै रकम अझ एउटै सहकारीमा लगेर राख्नु भनेको बचतकर्ताको पनि कमजोरी देखिन्छ । उनीहरुले त्यस्तो नगरिदिएको भए यो समस्या यति ठूलोस्तरमा आउने थिएन ।

सहकारी सञ्चालकले पनि आफ्नो दायित्व बुझ्नु भएन । सहकारीको मर्म बुझ्नु भएन । सहकारीको माध्यमबाट आफ्नो महत्वाकांक्षा पूरा गर्ने काम गरेको देखिन्छ । सहकारीको वित्तीय जोखिमलाई नजरअन्दाज गरे । वित्तीय कारोबारमा देखिने कर्जा, व्याजदर र तरलताको जोखिमलाई नजरअन्दाज गरे । लगानी भएको कर्जा सुरक्षित छ कि छैन ? असुल हुन्छ कि हुँदैन भन्ने विषय बुझ्नुपर्छ । तर, धेरैले छोटो समयमै उच्च प्रतिफल पाउने हिसाबले घरजग्गामा लगानी गरे । घरजग्गाको मूल्य सधैं बढ्छ भन्ने हुँदैन । मूल्य एउटा उचाइमा पुगेपछि खरिदकर्ताले पनि खरिद गर्ने क्षमता नै राख्दैनन् । क्षमता नराखेपछि माग नै सिर्जना नहुन सक्छ । त्यस कारणले पनि अहिले घरजग्गाको मूल्य घटेको छ । वर्तमान समस्याबाट पाठ सिकेर अब अगाडि बढ्न आवश्यक छ । समस्या सतहमा आइसकेको छ । यो समस्याको समाधान गर्ने चुनौती सहकारी सञ्चालक र सरकारमाथि पनि छ ।

**सहकारीमा नियमन**

सहकारी क्षेत्रमा  कमजोर नियमन भएकै कारण वर्तमान समस्या सिर्जना भएको हो । लोभ गर्ने मान्छेको प्रवृत्ति हो । वित्तीय क्षेत्रमा नियमन प्रभावकारी हुनुपर्छ । विश्वव्यापी रूपमै वित्तीय क्षेत्रमा कडा नियमन हुन्छ । गलत प्रवृत्ति विकास हुन नदिनका लागि पनि कडा नियमन आवश्यक पर्छ । बजार अर्थतन्त्रमा बजारमा सरकारको हस्तक्षेप कम हुनुपर्ने आवाज उठेपनि वित्तीय क्षेत्र जोखिमयुक्त हुने भएकोले नियामकले कडा नियमन तथा सुपरिवेक्षण गर्नुपर्ने हुन्छ । वित्तीय बजार विश्वासको भरमा चल्छ । यो क्षेत्रमा वित्तीय अपचलन हुने सम्भावना बढी हुन्छ ।

सहकारी सञ्चालन गर्ने भनेको समुदायमा हो । सहकारीको सिद्धान्त पनि अवलम्बन नगर्ने, बैंक तथा वित्तीय संस्था जस्तै ढंगले  कारोबार गर्ने र त्यसमै बचतकर्ताले पनि विश्वास गर्ने परिपाटीले गर्दा अहिले समस्या आएको हो । नेपाल राष्ट्र बैंकको नियमनभित्र रहेका बैंक तथा वित्तीय संस्थालाई विश्वास नगरेर सहकारी संस्थाहरुको विश्वास गर्दै ठूलो  रकम सहकारीमा जम्मा गर्दा पनि यो समस्या देखा परेको हो । बिना नियमन वित्तीय कारोबार गर्ने हो भने सानो स्तरमा निश्चित क्षेत्र र समुदायमा भित्र हुनुपर्छ । समुदाय तथा सदस्यहरुबाट नियन्त्रित हुनुपर्छ । सदस्यले हेर्न सक्ने हुनुपर्छ । तर, ठूलो रकममा कारोबार गर्दा वास्तवमा अनुमति नै लिनुपर्छ । नियमन पनि दह्रो चाहिन्छ । तर, आकारमा ठूलो हुने तर  बलियो नियमन नहुँदा नै बचत तथा ऋण सहकारीहरुमा वर्तमान समस्या सिर्जना भएको हो ।

पछिल्लो समय सहकारीको प्रभावकारी नियमनका लागि दोस्रो तहको नियामक स्थापना गर्ने विषयले पनि प्राथमिकता पाएको छ । लामो समयदेखि दोस्रो तहको नियामक (एसटीआइ)को विषयमा बहस हुँदै आए पनि यस पटक भने वित्तीय सहकारी प्राधीकरण बनाउने गरी ऐनको मस्यौदा नै बनिसकेको छ । सहकारीको लागि प्रभावकारी स्वायत्त निकाय चाहिन्छ ।

स्वतन्त्र नियामक निकाय बन्नका लागि वित्तीय रूपमा पनि स्वतन्त्र हुनुपर्छ । नेपाल सरकारसँग बजेटका लागि भर पर्नुपर्ने अवस्था हुनु हुँदैन । उसले आफ्नो कार्यसम्पादन आफ्नै बजेटबाट गर्न सक्नुपर्छ । जस्तै, नेपाल राष्ट्र बैंकले बजेटका लागि सरकारको भर पर्नु पर्दैन । उसले आफ्नो बजेट आफैं बनाउँछ । दोस्रो तह नियामकको वित्तीय स्रोत के हो ? यो विषयमा प्रष्ट हुनुपर्छ । अहिले संचालनमा रहेको राष्ट्रिय सहकारी बैंकलाई वित्तीय सहकारीहरुको नियामक र सुपरीवेक्षण गर्ने निकायको रुपमा बनाउन सकिन्छ । यसको लागि विद्यमान सहकारी ऐनमा संशोधन गर्दा पनि हुन्छ ।

अहिले यति धेरै सहकारी छन् । सानो सहकारीलाई छोडेर ठूलो सहकारीको नियमन गर्ने हो भनेपनि सयौको संख्यामा सहकारीहरु सो नियामकको नियमनभित्र पर्न सक्छन् । ती सहकारीहरुको नियमन गर्नका लागि पनि ठूलो संख्यामा कर्मचारी चाहिन्छ, स्रोत साधन चाहिन्छ । वित्तीय स्रोत चाहिन्छ । त्यसैले अब यस विषयमा पनि बहस गर्न आवश्यक छ । एसटीआई सञ्चालनका लागि कि नियमन सुपरीवेक्षण गरेबापत शुल्क उठाउनु पऱ्यो, कि सरकारले बजेट दिनु पर्ने हुन्छ । सरकारले बजेट दिएर एसटीआई सञ्चालन हुने अवस्था बन्यो भने फेरि स्वतन्त्र संस्था नबन्न सक्छ । सो संस्थाका कर्मचारीले स्वतन्त्र ढंगले काम गर्न सक्ने वातावरण नबन्न सक्छ । वित्तीय स्रोतमा स्वतन्त्र बन्न सकिएन भने फेरि नियामक आफैंले बदमासी गर्ने अवस्था आउन सक्छ । नियामकले नै सहकारीबाट फाइदा लिने अवस्था सिर्जना हुन सक्छ । यो पक्षलाई ध्यान दिनुपर्छ । संस्था स्थापना गरेर मात्रै हुँदैन त्यसको वित्तीय स्रोतको विषय सबैभन्दा महत्वपूर्ण पक्ष हो । अहिले स्वतन्त्र रूपमा काम गरेर आफैं वित्तीय स्रोत जुटाइरहेका नियामक नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरण र नेपाल धितोपत्र बोर्डबाट पनि एसटीआईले पाठ सिक्न सक्छ ।

अहिले सरकारले ठूला सहकारीको नियमन राष्ट्र बैंकले पनि गर्न सक्ने कानूनी व्यवस्था गरेको छ । अब सहकारी क्षेत्रको छुट्टै नियामक ल्याउने हो भने ठूला सहकारीलाई नेपाल राष्ट्र बैंकको नियमनभित्र ल्याउन आवश्यक छैन । एउटै काम दुइटा नियामकलाई दिनु उचित पनि  हुँदैन । सहकारी विभागको आग्रहमा राष्ट्र बैंकले नियमन गर्न सक्ने कानूनी व्यवस्था छ । राष्ट्र बैंकको नियमनभित्र रहन सुरुमा राष्ट्र बैंकबाटै लाइसेन्स लिनुपऱ्यो । सहकारीले त राष्ट्र बैंकबाट लाइसेन्स लिएका छैनन् । लाइसेन्स लिनका लागि पनि कानूनी व्यवस्था हुनुपर्छ ।

सहकारीलाई अर्थतन्त्रको तेस्रो खम्बा भनिएको छ । जुन क्षेत्रमा स्वनियमन हुनुपर्ने मान्यता छ । लाइसेन्स लिने हो भने स्वतन्त्रता गुम्न सक्छ । फेरि 'फिट एण्ड प्रोपर टेष्ट' पनि हुन्छ । उसले लाइसेन्स दिन्छ कि दिँदैन । तर, सहकारी संस्थाहरुको प्रकृति नितान्त फरक हुन्छ । सहकारी प्रजातान्त्रिक संस्था हुन् । सय/सय रुपैयाँ सेयर उठाएर चल्ने संस्था हुन् । इच्छा लाग्यो भने जुनसुकै वेला पनि सहकारीको शेयर लिएर सदस्य बन्न सकिन्छ। सहकारीको आफ्नै सुन्दरता छ । लाइसेन्स लिने अभ्यास 'कम्पनी कल्चर' हो । कम्पनीहरु नाफामा आधारित हुन्छन् । तर, सहकारीहरू सदस्यको हितमा काम गर्छन् । राष्ट्र बैंकको नियमनमा आउने हो भने सहकारीको 'ब्यूटी' हराउन सक्छ ।

अर्को महत्वपूर्ण विषय राष्ट्र बैंकले सहकारीको नियमन गर्न थाल्यो भने फेरि अहिलेका बैंक तथा वित्तीय संस्थाको नियमन छायामा पर्न सक्छ । बैंक तथा वित्तीय संस्थामा राष्ट्र बैंकको ध्यान कम जान सक्छ । ९२ प्रतिशत बढी हिस्सा बोकेको बैंक तथा वित्तीय क्षेत्रलाई समेट्ने कि सहकारीलाई हेर्ने भन्ने विषय पनि आउन सक्छ ।

कर्पोरेट कल्चरले बढी नाफा खोज्छ । सहकारीको उद्देश्य नाफा पनि होइन । सहकारी सदस्यको सेवाका लागि हुनु पर्ने हो । कसको सेयर कति प्रतिशत छ भन्ने कुरा सहकारीले प्राथमिकतामा राख्दैन । बैंक तथा वित्तीय संस्थामा सेयर हिस्साअनुसारको हैसियत हुन्छ । सहकारीमा सबै सदस्यको समान सहभागिता हुन्छ । त्यसैले राष्ट्र बैंकलाई नियमन गर्न दियो भने सहकारीको ब्यूटी मर्ने होकि भन्ने चिन्ता पनि हुन सक्छ ।

अहिले पनि राम्रो अभ्यास गरिरहेका सहकारी पनि छन् । सहकारीको मूल्य मान्यता र सिद्धान्तअनुरुप काम भएका पनि छन् । सबै ठाउँमा सहकारी चाहिन्छ भन्ने पनि हुँदैन । समुदायमा आधारित सहकारी राम्रोसँग चलिरहेका छन् । सहकारी व्यावसायिकभन्दा पनि समुदाय र सदस्यको हितका लागि काम गर्दा प्रभावकारी हुन्छ । सहकारी नचाहिने भन्ने होइन । तर, सहकारीले सबै काम गर्न सक्दैन। समुदायलाई जोड्नका लागि सहकारी चाहिन्छ ।

**निष्कर्ष**

सहकारी क्षेत्रमा वर्तमान समस्या सिर्जना गरेको पनि यसका हर्ताकर्ताले नै हो । अब यो समस्याको समाधानका लागि पनि सबैको सहकार्य चाहिन्छ । विगतका गल्ति र कमी कमजोरी पहिचान गरेर समाधानको बाटोमा लाग्यो भने अहिलेको समस्या समाधान हुन्छ । साना सहकारीहरूले पसल-पसल तथा घर-घरमा गएर बचत संकलन गर्नु राम्रो मोडल हो । त्यो काम बैंक तथा  वित्तीय संस्थाले गर्न सक्दैनन् । सहकारीमा रहेको सुन्दर पक्षलाई जोगाउनु पर्दछ ।

त्यसैले अब सबैको समन्वयमा साना बचतकर्ताको बचत फिर्ताको उपाय खोज्नुपर्छ । रकम हिनामिनाको विषयमा सरकारले कारवाहीको प्रक्रिया पनि अगाडि बढाइरहेको छ । सहकारीमा अहिलेसम्म भएको कर्जा लगानी उठाउनुपर्छ । कर्जा उठाउँदै बचत कर्ताको रकम फिर्ता गर्नुपर्छ । यसको लागि समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई थप प्रभावकारी बनाउनु पर्छ । सहकारीको रकम अपचलन गर्ने जिम्मेवार व्यक्तिलाई कानूनी कारवाहीको दायरामा ल्याउनु पर्दछ । उनीहरुको सम्पति बेचविखन गरेर पनि बचत कर्ताको रकम फिर्ता गर्नुपर्दछ ।

समस्याग्रस्त संस्थालाई कसरी सुधारको बाटोमा लैजाने भन्ने विषयमा बैंक तथा वित्तीय क्षेत्रको नियामक नेपाल राष्ट्र बैंकबाट पनि केही अनुभव लिन सकिन्छ । एउटा स्तर भन्दा माथिको वित्तीय सहकारीको नियमन र सुपरीवेक्षणको व्यवस्था गर्नुपर्दछ । वित्तीय सहकारीलाई निश्चित स्तर भन्दा ठूलो हुन दिनु पनि हुदैन । बचतकर्ताहरुले पनि विद्यमान वित्तीय प्रणाली बुझेर आफ्नो वित्तीय व्यवस्थापन गर्नुपर्दछ । लगानी विविधिकरण गर्नुपर्छ । सबै अण्डालाई एउटै डालोमा राख्नु वित्तीय रूपमा राम्रो मानिदैन ।

(लेखक राष्ट्रिय योजना आयोगका सदस्य तथा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक हुनुन्छ ।)

**नियत...**

'सुशासन कायम गर्न आफैबाट सुरुवात गरेको छु । मुख्यमन्त्रीबाट हटेपछी पाउने सुविधा लिने छैन र अरुलाई पनि नदिनेगरी निर्णय गरेको छु । पूर्व मुख्यमन्त्री र पूर्व सभामुखले गाडी तथा सेवा सुविधा फिर्ता गरिसकेको अवस्था छ ।

मुख्यमन्त्री पदबाट हटेपछी पूर्व बिशिष्ट व्यक्तिको नाममा कुनै सुविधा लिने छैन भनेर निर्णय गरेको छु'उहाँले भन्नुभयो,'आफुले नियत नराख्ने हो भने सुधारेर जान सकिन्छ ।'

प्रमुख सचिव महादेव पन्थको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा गुल्मी, पाल्पा, अर्घखाँची, रुपन्देही, नवलपरासी पश्चिम, कपिलवस्तुका जिल्ला समन्वय समितिका प्रमुख, स्थानीय तहका जनप्रतिनिधि, उद्योगी, व्यवसायी लगायत सरोकारवाला पक्षको सहभागिता थियो ।

लुम्बिनी प्रदेश सरकारले सुशासन प्रबर्द्धन तथा भ्रष्ट्रचार नियन्त्रण सम्वन्धि पाँच बर्षे रणनीतिक कार्ययोजनाको मस्यौदा माथी छलफल सुरु गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले पहिलो निर्णयको रुपमा सुशासन तथा भ्रष्ट्राचार नियन्त्रण सम्वन्धि पाँच बर्षे रणनीतिक कार्ययोजनाको प्रस्तावलाई स्वीकृत गर्नु भएको थियो ।

अहिले सोही कार्ययोजनाको मस्यौदामाथी सरोकारवाला पक्षसंग सुझाव संकलन गर्न थालिएको हो ।

**वैशाखीकै...**

महासंघ र राष्ट्रिय खेलकुद परिषदको सदस्य समेत रहेको संघले आहिले जिल्ला स्तरीय अठौ प्रतियोगिता गराउदै आएको छ । १६० बढि खेलाडी आबद्ध रहेको संघले युवा युवति कुलतमा नफसुन भनेर पनि आचारसंहिता लागु गर्दै अन्य खेल जस्तै यस्को परिचय बनाउदै गएको छ । शरिरीक रुपमा पनि अभ्यास हुने भएको अहिले खेलप्रति धेरैको रुचि बढीरहेको छ ।

प्रतियोगितामा सोमबार पहिलो चरणका खेलहरु सम्पन्न भई मंगलबार दोस्रो चरणको १५ वटा खेल भएको छ ।

भैरहवास्थित क्रेजि क्यु क्लब हाउसमा जारी प्रतियोगितामा पहिलो चरणका खेलहरु ६४ जना खेलाडीहरु बाहिरिएका छन् भने दोस्रो चरणमा ३२ जना बाहिरीने छन ।  प्रतियोगितामा १२८ जना खेलाडीहरुले भाग लिएका छन ।

मंगलबार फरक क्षमताका खेलाडी भनेर चिनिने जमिरसँग सुजन थापाको प्रतिस्पर्धा थियो ।

सुजनले ५१ को ब्रेक गर्दै २ शुन्यले खेल जित्यो । आयोजकले ५० भन्दा बढि ब्रेक गर्नेलाई नगद १ हजार १ सय पुरस्कारको व्यवस्था गरेको छ, जस्को प्रायोजन प्रिन्स ज्वेलर्सले गरेको छ । यसअघि संघको आयोजनामा सात वटा जिल्लास्तरीय प्रतियोगिता बुटवलमा भइसकेकामा यसपटक  भैरहवामा आयोजित प्रतियोगिताले भैरहवा क्षेत्रका खेलाडीहरुमा उत्साह बढेको छ ।

प्रतियोगिताको उपाधि विजेताले नगद ६१ हजार रुपैया, तथा उपविजेताले नगद २५ हजार रुपैया, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ ।

यसैगरि सार्वधिक ब्रेकरले नगद १० हजार रुपैया, कपबाट पुरस्कृत गरिने खेल संयोजक थापाले बताए ।

# हरेक दिन एउटा स्याउ खाँदा हुन्छ यी ११ लाभ

भनाई नै छ, दिनहुँ एउटा स्याउ खानुपर्छ, डाक्टर आवश्यक पर्दैन । अर्थात रोग लाग्दैन । अस्पताल धाउनु पर्दैन । चिकित्सकको प्रेस्क्रिप्सन लिनुपर्दैन ।

स्याउ, सदवहार फल हो । यो सजिलै उपलब्ध हुन्छ । तुलनात्मक रुपमा त्यती महँगो पनि छैन । स्याउको सेवनले पाचन यन्त्रलाई चुस्त राख्छ । यसले प्रतिरोधात्मक क्षमता पनि बढाउँछ ।

तर, स्याउको महत्व यतिमा मात्र सीमित छैन । स्वास्थ्यका लागि यो बहुउपयोगी छ ।

**१. मोटोपना नियन्त्रण**

मोटा व्यक्तिहरुलाई मुटुरोग, डाइबिटिज, ब्लड प्रेसर आदि समस्याहरुले दुःख दिन्छन् । स्याउमा पाइने फाइबर मोटोपना कम गर्न सहायक हुन्छ । मोटोपना कम भएपछि मानिसहरु विभिन्न खतरनाक रोगहरुको चपेटामा पर्ने सम्भावना कम हुन्छ । साथै, यसमा पाइने पौष्टिक तत्वले शरीरलाई बलियो र निरोगी पनि बनाउँछ ।

**२. कब्जियतमा राहत**

कब्जियत र ग्यासले शरीरमा कैयन् रोगहरुको खतरालाई बढाउँछ । कब्जियत वा ग्यासको समस्याबाट पीडित भएमा स्याउको सेवनले फाइदा मिल्नेछ । स्याउमा पाइने फाइबरले कब्जियतलाई बिस्तारै बिस्तारै घटाउँछ ।

**३. दाँतलाई पनि फाइदा**

स्याउमा हुने फाइबरले दाँतलाई पनि स्वस्थ राख्छ । स्याउको सेवनले ब्याक्टेरिया तथा भाइरसलाई टाढा भगाउँछ । साथै स्याउले मुखभित्र थूकको मात्रा पनि बढाउँछ । स्याउको सेवनबाट दाँत पायरियारहित रहन्छ ।

**४. हड्डी बलियो**

स्याउमा प्रचुर मात्रामा क्याल्सियम पाइन्छ । त्यसैले प्रतिदिन स्याउको सेवन गर्ने वा यसको जुस पिउँदा हड्डीहरु मजबुत हुन्छन् । जो व्यक्तिहरुको हड्डी मजबुत हुन्छ उसलाई कम थकान महसुस हुन्छ ।

**५. दमका बिरामीलाई गुणकारी**

स्याउ वन स्याउको जूसको सेवनले दम रोगीहरुलाई निकै फाइदा मिल्छ । विभिन्न अनुसन्धानहरुबाट पत्ता लागिसकेको छ कि दमको आक्रमण रोक्न स्याउ प्रभावकारी हुन्छ । यसमा पाइने फ्लेवोनोइड्सले फोक्सोको शक्ति बढाउँछ ।

**६. पाचनतन्त्र बलियो**

स्याउले शरीरमा मौजूद पीएचको स्तरलाई नियन्त्रित गर्छ । यसले व्यक्तिको पाचनतन्त्र मजबुत हुन्छ । पाचनतन्त्र मजबुत हुँदा रोगहरुसँग लड्ने क्षमता बढ्छ र व्यक्ति स्वस्थ रहन्छ ।

**७. कोलस्ट्रोल कम गर्छ**

बदलिदो जीवनशैलीमा कोलस्ट्रोल बढ्ने समस्या आम बन्दै गइरहेको छ । यसकारण कम उमेरका व्यक्तिहरु पनि मुटुरोगको शिकार बनिरहेका छन् । स्याउ खाँदा वा स्याउको जूस पिउँदा कोलस्ट्रोलको परिमाणमा नियन्त्रण राख्न सकिन्छ । चिकित्सिकहरुले मुटुरोगीका लागि उसिनेको स्याउ बढि उपयोगी हुने बताइन्छ ।

**८. सुन्दरता बढाउँछ**

स्याउको सेवनले अनुहारमा हुने काला तथा सेता दागहरु हट्छन् । यसबाट अनुहारमा चमक आउँछ । साथै स्याउको प्रतिदिन सेवनले तपाईंको शरीरमा मौजुद रहेको अनावश्यक बोसो बिस्तारै बिस्तारै कम हुन्छ ।

**९. मधुमेहलाई नियन्त्रित गर्छ**

स्याउको सेवनले शरीरमा टाइप २ मधुमेहको खतरालाई कम गर्छ । यसमा मौजद तत्वले शरीरमा ग्लुकोजको कमी पूरा गर्छ । शरीरमा प्रचुर मात्रामा ग्लुकोज हुँदा तपाईंले इन्सुलिन लिनुपर्ने आवश्यकता पर्दैन ।

**१०. अल्जाइमरबाट बचाउँछ**

अल्जाइमर मस्तिष्कसँग जोडिएकोउ खतरनाक बिमारी हो । एउटा अनुसन्धानमा पाइएको छ कि प्रतिदिन स्याउको जुस पिउनाले अल्जाइमरको समस्याबाट जीवनभर बच्न सकिन्छ । स्याउको सेवनले मस्तिष्कका कोषहरुको रक्षा हुन्छ, जसले गर्दा अल्जाइमरको खतरा शून्यमा झर्छ ।

**११. पत्थरीबाट बचाउँछ**

किड्नीमा हुने पत्थरीबाट बच्नका लागि स्याउको सेवन लाभदायक हुन्छ । यदि पत्थरी भइसक्यो भने पनि प्रत्येक दिन स्याउ खानाले पत्थरीका कारण हुने दुखाईमा पनि आराम मिल्छ । त्यसैले चिकित्सकहरुले पनि पत्थरीका रोगीहरुलाई स्याउ खान सल्लाह दिन्छन् ।

# हार्दिक कृतज्ञता



जन्मः वि.स.१९९९ असोज १५ गते

स्वर्गारोहणः २०८१ भदौ २८ गते

## स्व. लिलादेवी घताने

हाम्रो पूजनीय आमा, सासुआमा तथा हजुरआमा **लिलादेवी घतानेको** यही मिति २०८१/०५/२८ गते ८२ वर्षको उमेरमा असामयिक निधन भएकोले हामी सम्पूर्ण घताने परिवार शोकाकूल एवम् मर्माहित भएका छौं । यस शोकको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं साथै हामीप्रति सहयोग तथा सहानुभूति राख्नुहुने सम्पूर्ण आफन्तजन, इष्टमित्र, बन्धुबान्धव लगायत सम्पूर्णमा हार्दिक आभार एवम् धन्यवाद व्यक्त गर्दछौं ।

छोरा/बुहारीहरु

१. **मोतीप्रसाद घताने/ उषा घताने**

२. **युवराज घताने/सुष्मा घताने**

नातिहरु

**हरि ओम घताने, ईश्वर घताने र युनेस घताने**

नातिनीहरु

**प्रनिसा घताने र युनिसा घताने**

**एवम्**

**समस्त घताने परिवार**

बुटवल-६, अमरपथ, रुपन्देही

# हार्दिक श्रद्धाञ्जली



जन्मः वि.स.१९९९ असोज १५ गते

स्वर्गारोहणः २०८१ भदौ २८ गते

## स्व. लिलादेवी घताने

हाम्रो पूजनीय आमा, सासुआमा तथा हजुरआमा **लिलादेवी घतानेको** यही मिति २०८१/०५/२८ गते ८२ वर्षको उमेरमा असामयिक निधन भएकोले हामी सम्पूर्ण परिवार शोकाकूल एवम् मर्माहित भएका छौं । यस शोकको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

छोरी/ज्वाइँहरु

१. **विष्णु सेन्चुरी/ प्रेम कुमार सेन्चुरी**

२. **कमला विश्वकर्मा/जोगलाल विश्वकर्मा**

३. **मुन्ना विश्वकर्मा / हीरा विश्वकर्मा**

४. **सीता विश्वकर्मा/ विनोद कुमार विश्वकर्मा**

५. **गीता विश्वकर्मा**

६. **रत्ना विश्वकर्मा/ ध्रुवदत्त विश्वकर्मा**

७. **रेनु विश्वकर्मा/ सन्दीप रामदाम**

**सम्पूर्ण नाति / नातिनीहरू**

**पनाति/पनातिनीहरू**

**बुटवल-६, अमरपथ, रुपन्देही**

# 'नागरिकले स्थानीय सरकारको अनुभूति गर्न पाएका छन्'

*बुटवल उप-महानगरपालिका वडा नम्बर ८ को वडाध्यक्ष यज्ञप्रसाद पंगेनी छन् । गएको निर्वाचनमा नेपाली कांग्रेसबाट चुनिएका पंगेनी खुलस्त छन् । सरल स्वभावका उनी समुदायमा भिजेका जनप्रतिनिधि हुन् । बुटवलको घना बस्ती भएको सुख्खानगर क्षेत्र पर्ने वडा नम्बर ८ मा के-कस्ता विकास निर्माणका काम भए ? के काम अघि बढ्दै छन् ? नागरिकको चाहना के रहेछन् ? भन्ने बारेमा वडाध्यक्ष पंगेनीसँग गरेको कुराकानी :*




*यज्ञप्रसाद पंगेनी वडाध्यक्ष (बुटवल उप-महानगरपालिका वडा नम्बर ८)*

**» तपाईं निर्वाचित भएर आएको दुई वर्ष नाघेको छ, चुनावमा गरेका प्रतिबद्धताअनुसार के–के काम अघि बढाउनुभएको छ ?**

म निर्वाचित भएर आएपछि उदाहरणनीय काम स–साना बाटो को नाङ्गा तार हटाइएकोमा जनता खुशी छन् । साथै परासी गएको ३३ केभिए हाइटेन्सन हटाइएको छ । विद्युत पोल नयाँ गाडिएको छ । तार व्यवस्थापन भइसकेको छ । विद्युत्को कमजोर भोल्टेजलाई सुधार गरिएको छ । यी कामले वडावासीलाई फाइदा पुगेको छ । सडकमा हरियाली बनाएका छौं । जेब्राक्रस व्यवस्थित गरिएको छ । खानेपानीको व्यवस्थापनलाई सहज गराउन ७ किमी पाइप बिस्तार गरेका छौं, गेटबल राखेर खानेपानीको सुविधा बढाएका छौं । मिलनचोकमा सडक फराकिलो गर्‍यौ । छाडा कुकुरहरूलाई रेबिज सुइ र बन्ध्याकरण गर्ने काम नियमित गरेका छौं । गरिब विद्यार्थीलाई पोसाक वितरण, खेलकुद सामग्री वितरण गरेका छौं । वडाको दुई ठाउँमा वाइफाइ फ्रि गराएका छौं । अब निःशुल्क शुद्ध पिउने पानीको मेसिन राख्ने र एउटा शौचालय बनाउन जग्गा खोजी गरिरहेका छौं । विद्यालय वरिपरि सन्देशमूलक बोर्ड र गति सीमित बोर्ड र समय तोक्ने जस्ता काम गरेका छौं ।

**» मिलनचोकदेखि पूर्वतिर जाने सडक विस्तारको काम कसरी अघि बढ्दैछ ?**

मिलनचोकको बाटोमा भवन मापदण्ड विपरीत बनेका दर्जन घर छन् । ती खाली गर्न शहरी पूर्वाधार विकासले का मअघि बढाएको छ । टोल समितिको सहयोगमा काम अघि बढ्दै छ । हामीले टोल समितिलाई घर टहरा खाली गर्ने काममा सहयोगी बन्न अग्रसर गराएका छौं ।

**» गत आबमा कुन कुन योजना सम्पन्न भए, यो वर्ष कुन कुन योजना अघि बढ्दैछन् ?**

गत आब मा बिजुली, पानी सडक पूर्वाधारको काम गर्‍यौं । र खुल्ला व्यायामशाला बनायौं । नागरिकलाई शारीरिक स्वास्थमा पहुँच पुगोस् भनेर व्यायामशाला राखेका हौं ।

**» उप-महानगरपालिकाले के गर्न सक्दा वडा कार्यालयको काम प्रभावकारी हुनसक्छ ?**

उप-महानगरपालिकाले सक्दो सेवा प्रवाह गर्न करको दायरा बढाउनुपर्छ, तर करको प्रतिशत घटाउनुपर्छ। युवा युवतीलाई प्रोत्साहन, तालिमतर्फ उत्प्रेरित गर्नुपर्छ । बजार अनुगमन प्रभावकारी बनाउनुपर्छ । बजार अनुगमन गर्दा सबै क्षेत्र समेट्नु पर्छ । राहत प्याकेज दिँदा सबै क्षेत्र समेट्नु पर्छ ।

वडालाई बजेट सिलिङ बढाउने, राजस्व कम उठाउनेलाई सोहीअनुसार बजेट घटाउने बढाउने गरेमा वडाको काम प्रभावकारी हुन्छ ।

साथै कर्मचारीलाई प्रोत्साहित गर्ने हौसला दिने सेवा राम्रोसँग दिनेलाई नजिक र लापरबाही गर्नेलाई सोहीअनुसार गर्ने हो भने आम नागरिक खुसी हुने देखिन्छ । सबैलाई मुस्कानको सेवा दिने हो भने नगर प्रमुख वडाध्यक्षहरु सफल र बुटवल समृद्ध बन्छ ।

**» तपाईंको वडामा नागरिकका समस्या र चाहना के–के पाइए ?**

नागरिकले छिटोछरितो सेवा खोजिरहेका छन् । जनप्रतिनिधि शासक होइन, सेवक हुनपर्छ भन्ने मान्यतालाई व्यवहारमा खोजिरहेका छन् । वडामा साना–साना समस्या बढेर ठूला बन्ने हुँदा बेलैमा समस्या समाधान खोजेका छन् । स–साना समस्या भनेर बेवास्ता गर्दा त्यसले विवाद बढ्दै जादा विवाद बढाउने भएकाले हामी चनाखो हुनुपर्ने ठानेका छौं । नागरिकको चाहना र भावना बुझेर हामी काम गर्ने प्रयास गरिरहेका छौं ।

# सदरमुकामको संरचना निर्माणमा अन्यौल

**रामकुमार श्रेष्ठ**
*नवलपुर*

नवलपुर जिल्लाको नमूना सदरमुकाम निर्माण स्थलको जग्गा प्राप्ति प्रक्रिया प्रति वन मन्त्रालयले प्रश्न उठाएको छ । वनको जग्गालाई नेपाल सरकारको नाममा ल्याउँदा अपनाइएको प्रक्रिया प्रति वन मन्त्रालयले प्रश्न उठाएको हो ।

नमुना सदरमुकाम निर्माण स्थलमा अहिले भवन निर्माणका लागि रुख कटानको फाइल वन मन्त्रालयमा अड्किएको छ । सोही फाइल अध्ययनको क्रममा वन मन्त्रालयले वनको जग्गा कसरी सरकारको नाममा गयो भनेर प्रश्न उठाएको हो । भवन निर्माणका लागि टेण्डर लागेर भवन निर्माणको प्रक्रिया अगाडि बढिसकेको अवस्थामा वन मन्त्रालयले जग्गा प्राप्तिको प्रक्रिया माथि नै प्रश्न उठाए पछि नमुना सदरमुकाम निर्माण कार्य अन्यौलमा परेको छ ।संङ्घीय सरकारको वन तथा वातावरण मन्त्रालयले रुख कटान आदेश नदिँदा नवलपुरको कावासोतीमा बनाउने भनिएको नमुना सदरमुकाम निर्माण अलपत्र परेको छ ।

जिल्ला डिभिजन वन कार्यालयले रुख कटान आदेश माग्दै गत असार २३ गते फाइल वन विभागमा पठाएको थियो । विभागले स्वीकृत गरी पठाएको फाइल मन्त्रालयमै अड्किएपछि सदरमुकाम निर्माणको काम अघि बढ्न नसकेको डिभिजन वन कार्यालयका प्रमुख वसन्तकेशव अधिकारीले बताए । सुरुवाती चरणमा जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र जिल्ला अदालतका तीन वटा भवन निर्माणका लागि सघन सहकारी तथा भवन निर्माण कार्यालय चितवनले टेन्डर आह्वान गरेर निर्माण कम्पनी छनोटसमेत गरिएको छ । चौधरी कन्स्ट्रक्सन, रौतहटले टेन्डर पाएको छ ।रुख कटान आदेश नआएपछि कम्पनीले निर्माणको काम अघि बढाउन नसकेको नवलपुरका प्रमुख जिल्ला अधिकारी अरुण पोखेलले बताए । प्रजिअ पोखेलले भने, 'फिल्डमा आएर ठेकेदारले कहिलेदेखि काम गरौं भनेर सोधिरहेको छ तर रुख काट्न नपाएका कारण हामीले जवाफ दिन सकेका छैनौं । रुख नभएको क्षेत्रबाट काम सुरु गरौं भन्दा पनि सम्भव भएन ।'

डिभिजन वन अधिकृत अधिकारीका अनुसार १८४ बिघा क्षेत्रफलभित्र रहेका करम, साल, सिसौ, बर्रो, सिमललगायतका ५५२ वटा ठुला र ९० वटा साना गरी ६४२ वटा रुख काट्नुपर्ने हुन्छ । आदेश पाएको १०/१५ दिनभित्र रुख काटिसकिने भए पनि आदेश नपाउँदा केही गर्न नसकिने उनको भनाइ छ । छिटो आदेश माग्दै डिभिजन वन कार्यालय, जनप्रतिनिधि र प्रशासनिक तहबाट ताकिता गर्दा पनि आदेश पाउन नसकिएको प्रजिअ पोखेलको भनाइ छ । मन्त्रालयले भने अध्ययनकै क्रममा रहेकाले छिट्टै हुन्छ भन्ने आश्वासन मात्र दिएको उनको भनाइ छ ।

रुख कटानका लागि जिल्लाबाट दबाब दिइरहँदा सरकारले भने जग्गा प्राप्तिको वैधानिक तरिकामाथि नै प्रश्न उठाएको छ । वन तथा वातावरण मन्त्रालयका उपसचिव पर्शुराम पौडेलले भने, 'सामुदायिक वनको जग्गा सरकारको नाममा कसरी आयो ? अहिले आएर वनको जग्गा सरकारको नाममा बनाउन पाइन्छ र ?'

उपसचिव पौडेलले यसबारे सम्बन्धित निकायमा जग्गा प्राप्ति कसरी गरिएको थियो भनेर आवश्यक कागजात मागेको र चित्तबुझ्दो जवाफ आएमा मात्र रुख कटान आदेश दिन सकिने बताए । डिभिजन वन कार्यालयका प्रमुख अधिकारीका अनुसार राष्ट्रिय आवास कम्पनीका नाममा रहेको जग्गा तत्कालीन टिम्बर कर्पोरेसन लिमिटेडले वृक्षरोपण गरेर ज्योति कुञ्ज सामुदायिक वनलाई हस्तान्तरण गरेको थियो । वनले साधारण सभाबाट सर्वसम्मत निर्णय गरेर जग्गा सरकारलाई दियो । नापी कार्यालयले नापजाँच गरेर १८४.७.१८.५ बिगाहा क्षेत्रफल किटान गर्‍यो र मालपोत कार्यालयले नेपाल सरकारको नाममा लालपूर्जा बनाइदियो । जिल्ला समन्वय समिति नवलपुरका प्रमुख बाबुराम विश्वकर्माले सरकारकै निकायले वैधानिक ढङ्गले विधि पुर्‍याएर सरकारकै नाममा आएको जग्गामा अहिले आएर प्रश्न उठाउनु जायज नहुने बताउँछन् ।

## लुम्बिनी प्रदेश सरकार
### स्वास्थ्य मन्त्रालय
### स्वास्थ्य निर्देशनालय
## लुम्बिनी प्रादेशिक अस्पताल

बुटवल,नेपाल फोन : ०७१-५३२२४८
Email :- lzhospital@gmail.com

## सेवा करारमा पदपूर्ति सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०६/०९

लुम्बिनी प्रादेशिक अस्पतालको स्वीकृत दरवन्दीतर्फ रिक्त स्टाफ नर्स पदमा २०८२ असार मसान्त सम्मका लागि करार कर्मचारी व्यवस्थापन कार्यविधि बमोजिम सेवा करारमा कर्मचारीहरु नियुक्ति गरी सेवामा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट करार कर्मचारी व्यवस्थापन कार्यविधिमा तोकिएको ढाँचा बमोजिमको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले दश दिन (१०) दिनभित्रमा दरखास्त आव्हान गरिन्छ ।

| विज्ञापन नं. | पद/तह | आवश्यक संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता | परीक्षाको किसिम | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| ०५/२०८१/०८२ | स्टाफनर्स/पाचौं | २५ (पच्चिस) | मान्यता प्राप्त शिक्षण संस्थाबाट पि.सि.एल नर्सिङ वा सो सरहको उपाधि प्राप्त गरी नेपाल नर्सिङ काउन्सीलमा दर्ता भएको । | करार कर्मचारी व्यवस्थापन कार्यविधिमा तोकिए बमोजिम | ५००/- |

- दरखास्त बुझाउने स्थान : लुम्बिनी प्रादेशिक अस्पताल, प्रशासन शाखा ।
- दरखास्त बुझाउने अन्तिम मिति : २०८१/०६/१८ गते कार्यालय समय भित्र ।
- उम्मेदवारको उमेर हद : १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।
- परीक्षा मिति र परीक्षा केन्द्र : अर्को सूचनामार्फत जानकारी गराइनेछ ।
- तलव : स्टाफ नर्स पद पाचौं तहको शुरु तलव स्केल बमोजिम हुनेछ ।
- दस्तुर दाखिला : यस अस्पतालको कृषि विकास बैंकको खाता नं.०४१४७०१४२५६७८०१९ मा रकम जम्मा गरेको भौचर ।

पदपूर्ति समिति

# मेडिकल व्यवसायी प्रसाईंको मुद्दामा लिखित जवाफ माग



बुटवल । सर्वोच्च अदालतले मेडिकल व्यवसायी दुर्गा प्रसाईंका तर्फबाट दायर गरिएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा लिखित जवाफसहित कारण देखाउ आदेश गरेको छ ।

न्यायाधीश प्रकाशमान सिंह राउतको एकल इजलासले मंगलबार उक्त रिट निवेदनमा प्रारम्भिक सुनुवाइ गर्दै १५ दिनभित्र लिखित जवाफसहित कारण देखाउ आदेश गरेको हो ।

मेडिकल व्यवसायी प्रसाईंलाई आइतबार प्रहरीले पक्राउ गरेको थियो । गैरकानुनी रूपमा थुनामा राखिएको उल्लेख गर्दै प्रसाईंका छोरा निराजन प्रसाईंले बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गरेका थिए । उक्त रिट निवेदनमाथिको सुनुवाइपछि अदालतले कारण देखाउ आदेश गरेको हो ।

## करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८१/०६/०९ गते)

नेपाल नेत्र ज्योति संघ/पाल्पा लायन्स लाकौल आँखा अस्पतालको लागि देहाय बमोजिमको करारमा कर्मचारी आवश्यकता परेकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र दरखास्त आह्वान गर्दछौं ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | आवश्यक योग्यता |
|---|---|---|---|---|
| १ | ०२-२०८१/८२ | फार्मेसी सहायक (Pharmacy Assistant) | १ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । |

विस्तृत जानकारी अस्पतालको सूचना बोर्डमा टाँस गरिएको छ ।

**पदपूर्ति समिति**

**पाल्पा लायन्स लाकौल आँखा अस्पताल**
**तानसेन,पाल्पा**
इमेलः-plleh@lei.org.np, फोन नं.:-०७५-५२०३३३

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com